Journal of Research in Education (JoRE)
ISSN: 3059-9741
Published by: Journal of Research in Education (JoRE)
A Multidisciplinary Peer Reviewed Open Access Journal
Email: jore.centralcampus@gmail.com
Website: http://education.fwu.edu.np/

भोजपुरी मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा प्रभाव

सतेन्द्रप्रसाद यादव
satuyadav35@gmail.com
ग्र्याजुएट स्कुल अफ एजुकेसन शोधरत

लेखसार

प्रस्तुत लेख भोजपुरी मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा प्रभावको अध्ययनमा केन्द्रित छ ।यो लेख नेपाली भाषा सिकाइमा भोजपुरी भाषाको उच्चारण र वर्ण विन्यासको प्रभावको उद्देश्यमा केन्द्रित छ।यो लेख गुणात्मक अनुसन्धान परिघटानामूलक (Phenomenology) ढाँचामा आधारित छ । उद्देश्यमूलक विधिको प्रयोग गरी नमुना छनोट गरिएको छ ।सहभागीहरूसँग उच्चारण र वर्णविन्यासगत तथ्य सङ्कलन गरिएको छ ।सङ्कलित तथ्यलाई लिप्यान्तरण गरेर जस्ता दुई साझा थिमको निर्माण गरी विद्यार्थीरूको नेपाली भाषाको सिकाइमा भोजपुरीको प्रभावको विश्लेषण गरिएको छ । विद्याथीसँग भाषा सिकाइको प्रभाव अध्ययन गर्दा अजन्त/हलन्त, अल्पप्राण/महाप्राण, सघोष/अघोष, 'य्' को प्रयोग, शब्दमध्य र शब्दान्तमा 'ह', पञ्चम् वर्ण 'ण', ऋकार र रकारको प्रयोग भएका शब्दहरूको उच्चारणमा ध्यान दिइएको छ। विद्यार्थीको उच्चारण हेर्दा विद्यार्थीहरूले महाप्राणलाई अल्पप्राण, सघोषलाइ अघोष, 'ण्' पञ्चम वर्णको 'न्' उच्चारण, शब्दमध्य र शब्दान्तमा 'ह' को लोप, ऋकार र रकारको रेफगत उच्चारण, 'र्' र 'ल्' को ध्वनि विपर्यासगत उच्चारण गरेको देखिन्छ भने उच्चारणगत प्रभाव वर्णविन्यास (लेखाइ) मा पनि देखिएको साथै मातृभाषाका शब्दका आधारमा विश्लेषण गरिएको छ । भोजपुरी मातृभाषी विद्याथीहरूको उच्चारण र वर्णविन्यासमा देखिएका विशिष्टताहरूले नेपाली भाषा सिकाइमा भोजपुरी भाषाको प्रभाव रहेको निष्कर्ष निकालिएको छ।यस लेखबाट अध्येता तथा समग्र भाषाशिक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

शब्दकुञ्जी : *उच्चारण, बलाघात, भाषा, भोजपुरी, लेखन*

परिचय

भाषा विचार आदान प्रदानको माध्यम हो । मानवहरूले भाषाका माध्यमबाट आफ्ना अभिव्यक्त विचारहरू अरूमाझ पुऱ्याउँछन् ।मानव भावहरू भन्छन्, आवश्यकता तथा चाहनाहरू व्यक्त गर्छन्र आकाङ्क्षाहरू प्रकट गर्दछ ।गौतम र चौलागाई (२०७०)का

अनुसार“मानिसहरू भाषाका माध्यमबाट नै आ-आफ्ना विचार र अनुभूतिलाई एकअर्कामा साटासाट गर्दछन् र आफ्ना समग्र व्यवहारहरू सम्पन्न गर्दछन्”(पृ.१२) । भाषा वैचारिक अनुभूति माध्यमबाट आदान प्रदानको माध्यम र व्यवहार सञ्चालनको साधन हो ।मानवीय व्यवहारमा भाषाकै माध्यमबाट कार्य घट्ने तथा समापन हुन्छन् । संसारमा मानिसहरूभावना तथा विचार आदानप्रदानका लागि छ हजार भन्दा बढी भाषाहरू प्रयाग व्यवहारमा छ । यी विविध परिवारका छ हजारभन्दा बढी भाषाहरूलाईमानवहरूले आमाको भाषा वा मातृभाषाको रूपमा, पहिलो भाषाको रूपमा, दोस्रो भाषाको रूपमा प्राप्ति र आर्जन गरेर जीवन व्यवहार सञ्चालन गर्दै आइरहेका छन् । विविधतामय हिसाबले नेपालमा पनि विभिन्न भाषाहरू बोलिन्छन् । नेपालको जनगणना २०७८ का अनुसार नेपालमा विभिन्न भाषा परिवारका १२४ओटा भाषाहरू बोलिन्छन्(caste/Ethnicity Report,2078) ।नेपाल बहुभाषिक मुलुक भएकाले यहाँ एकभाषी,द्विभाषी र बहुभाषिक स्थिति विद्यमान छ । यहाँको पठन तथा शिक्षाको माध्यमको रूपमा द्विभाषिक नीति अवलम्बन गरिएको छ । नेपालको संविधान २०७२ अनुसार आधारभूत तहसम्म मातृभाषाका माध्यमाट बालबालिकालाई शिक्षा प्राप्त गर्ने अधिकार प्राप्त छ भने माध्यमिक तथा उपल्लो तहमा नेपाली र अङ्ग्रेजी भाषाका माध्यमबाट शिक्षा प्रदान गर्ने कानुनी प्रावधान रहेको छ । विद्यालयीय तहमा बालबालिकाहरू नेपाली भाषालाई माध्यम भाषाका रुपमा तथा दास्रो भाषाका रूपमा प्रयोग व्यवहार गर्दछन् । विभिन्न मातृभाषाका बालबालिकाहरू विद्यालय तहमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्दछन् । दोस्रो भाषाका रुपमा नेपाली भाषा सिक्दा बालबालिकाको पारिवारिक, सामाजिक, वातावरण, भाषिक पृष्ठभूमि, भाषिक समानता, र भिन्नताले प्रभाव पार्ने देखिन्छ । दोस्रो भाषा सिकाइ पहिलो भाषाका उच्चारण प्रक्रिया, रूप एवम् वाक्य गठन, र शब्दभण्डारको उपयोगमा सोधिएको अनुसन्धान कर्ताले भिन्न किसिमको उच्चारण (वर्ण गठन) रूप एवम् वाक्य गठन र शब्दभण्डार भएको नयाँ भाषालाई आफ्नो पहिलो भाषा (मातृभाषा) प्रभाव नपरी सिक्न सकेको कमै पाइन्छ (अधिकारी, २०६७, पृ.२४) पहिलो भाषाको प्रभाव दोस्रो भाषाको सिकाइ उच्चारणदेखि समग्र बोलाइसम्म प्रभाव पार्दछ । दुबै भाषा बिचको नजिकता र दुरताले भने दोस्रो भाषा सिकाइमा सहजता तथा दुर्बोधताल्याउँछ। नेपालमा बोलिने धेरै भाषाका मातृभाषी विद्यार्थीहरू विद्यालय तहमा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने गर्दछन् ।

नेपालमा बोलिने विभिन्न भाषा परिवारका ६० ओटा भाषामध्येभोजपुरी भाषा मधेश प्रदेशको बोलिने भाषा हो ।देशैभरि करिब १२४ ओटा मातृभाषामा भोजपुरी ६.२४ प्रतिशत वक्ता सङ्ख्या भएको तेस्रो स्थानमा पर्ने भाषा हो (भाषा आयोगको प्रतिवेदन,२०८०,पृ.१४९) । नेपालको जनगणना २०७८ अनुसार यस भाषाका मातृभाषीहरू सबै प्रदेशमा भए पनि बारा,पर्सा,सर्लाही, रौतहट,चितवन,नवलपरासी (सुस्ता पूर्व र सुस्ता पश्चिम) र रूपन्देही

जिल्लामा बढी जनघनत्व छ (ठाकुर, २०८०) ।बहुभाषिक मुलुकको रूपमा चिनिने हाम्रो देश यहाँ सबै प्राय : विद्यालय बहुभाषिक विद्यालय भएकोले हरेक नेपाली मातृभाषा इतरहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषा सिकाइ गर्छन् । बायाँ र दायाँबाट लेख्नेलाई परस्पर अर्को हातले लेख्न लागाउँदा अप्ठ्यारो हुने हुँदा (शर्मा र पौडेल,२०६७) भोजपरी मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइ गर्दा दोस्रो भाषीलाई प्रभाव अवश्य नै देखिन्छ ।नेपालको कुल मातृभाषाको ४४.८६ प्रतिशत नेपाली जनताको पहिलो भाषा अर्थात् मातृभाषा नेपाली हो(भाषा आयोगको प्रतिवेदन,२०८०,पृ.१४९) र नेपालको संवैधानिक काम काजको भाषाको मान्याता पाएकोमा (नेपालको संविधान, २०७२, पृ.२) भोजपुरी मातृभाषी विद्यार्थीहरूका लागि दोस्रोभाषा भाषाका रूपमा सिकाइ गर्नु आवश्यक देखिन्छ । यस भाषाको आफ्नै किसिमको ध्वनि व्यवस्था, उच्चारण व्यवस्था, वर्णविन्यास व्यवस्था, व्याकरणिक व्यवस्था र अर्थ व्यवस्था पाइन्छ । भोजपुरी मातृभाषी विद्यार्थीहरू नेपाली भाषालाई विद्यालय तहमा दास्रो भाषा सरह सिक्दछन् ।तसर्थ :नेपाली भाषा भाषिक सिपको सिकाइमा विविधता छ कि छैन वा विभिन्न विद्यालायको भोजपुरी विद्यार्थीहरूको भाषिक सिकाइमा प्रभाव परेको छ कि छैन भनी समस्यामा केन्द्रित रही अनुसन्धान गरिएको छ । भोजपुरी मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाका रुपमा नेपाली सिक्दा के कस्ता सहजता र जटिलताको सामना गर्दछन् ? विद्यार्थीको नेपाली भाषा सिकाइमा उच्चारण, वर्णविन्यास, व्याकरण तथा शब्दभण्डार तहमा भोजपुरी भाषाको के कति प्रभाव छ ? जस्ता विविध पक्षहरुको वास्तविक तथा गहन अध्ययन भएको कमै पाइन्छ । यसै समस्यामा केन्द्रित रही कक्षा चारमा अध्ययनरत भोजपुरी मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइ भोजपुरी भाषाका कारण विशेषत: उच्चारण र वर्णविन्यासमा पारेको प्रभावको अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । विद्यालय तहमा अध्ययनरत भोजपुरीमातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पर्ने उच्चारण र वर्णविन्यासगत प्रभावका प्रश्नमा केन्द्रित रही नेपाली भाषा सिकाइ बारे प्रस्ट्याउने छसाथै यो लेख आगामी दिनमा भोजपुरीको अध्ययनमा नयाँ खुड्किलाको रूपमा हुने छ ।

भोजपुरी भाषाको परिचय र सैद्धान्तिक पर्याधार

भोजपुरी पूर्वी अथवा मागधी परिवारको सबैभन्दा पश्चिमी भाषा हो । भाषाको समप्रेषणमा यसलाई 'पूर्वी' र 'देश' आदि विभिन्न नामले सम्बोधन गरे पनि औपचारिक रूपमा 'भोजपुरी' नै भन्ने गरिन्छ । भोजपुरी भाषा नेपाल र भारतको सिमानामा बोलिने हिन्द - आर्य समूहको एउटा जीवन्त भाषा हो । भारतको विहार राज्य र नेपालको मधेश प्रदेशमा वक्ता सङ्ख्या धेरै रहेको पाइन्छ । एथ्नोलगले भारतमा भोजपुरी भाषीहरूको जनसङ्ख्या ५,०६,००,००० बताएको छ भने विश्वभरिमा भोजपुरी भाषीहरूको जनसङ्ख्यामातृभाषीको रूपमा ५,२३,०३,००० र दोस्रो भाषाभाषीको रूपमा १,६०,००० गरी जम्मा विश्वकैजनसङ्ख्या

५,२४,६३,००० देखाएको छ। तर भारतमा भोजपुरीलाई अझसम्म संविधानको आठौं अनुसूचीमा दर्ता नगरिएकाले भोजपुरी भाषीलाई हिन्दी भाषीकै रूपमा देखाउने गरिएको छ। यति हुँदाहुँदै नेपालको जनगणना २०७८ अनुसार भोजपुरी नेपालको तेस्रो प्रमुख भाषा हो भने एथ्नोलग २०१९ (२२औं संस्करण) अनुसार यो विश्वको २६औं प्रमुख भाषा हो। भोजपुरी भाषा भोजपुर सहरबाट नामाकरण भएको मानिन्छ। देवका (सन् २००१) का अनुसार " आजभन्दा करिब १४०० वर्ष भोजबिन्दु काशीका राजा थिए र उनका अनुसार काशीको राजधानी भोजपुर भएकोमा त्यहाँको सम्पर्क भाषाको नाम भोजपुरीको थियो "। त्यस्तै तिवारी(२००९)का अनुसार भोजपुर बिहारको प्राचीन शाहाबाद जिल्लाको पश्चिम उत्तर दिशातिर पर्ने भोजपुर परगना हो। प्राचीन भारतीय इतिहासमा भोजपुरको निकै गौरपूर्ण स्थान रहेको छ। इतिहासमा यस कुराको प्रमाण पाइन्छ कि कुनै समयमा यो भोजपुर नै डुमराँव राज्यको सदरमुकाम थियो। बागसार भन्ने जुन स्थानमा बक्सरको युद्ध भएको थियो, त्यो स्थान भोजपुरदेखि नजिकै रहेको छ। सन् १९७३ मा जब बिहार सरकारले जिल्लाहरूको पुनर्विभाजन गऱ्यो, त्यस बेला शाहबदलाई दुई भागमा विभक्त गरियो। दक्षिणी जिल्लाको नाउँ "रोहतास" हुन गयो साथै उत्तरतिरको भाग "भोजपुर" नामबाट चिनियो। भोजपुर जिल्लाको नामबारे प्रमाण त्यहाँ बस्नेहरूको मनस्पटलमा भेटिन्छ।(पृ.१२)

भोजपुर भाषाको उत्पतिबारे धेरै मतमतान्तर रहदै आएको छ। अश्क(२०७७)का अनुसार ग्रियर्सनले (१९०२) मा भोजपुरी भाषा शाहाबाद जिल्लाको भोजपुर नै थियो। यो पटना वा गाङ्गा नदीको दक्षिण भागमा केही दुरीमा अर्थात् ८१ कि.लो. थियो। गाउँ सानो देखिए तापनि कालन्तरमा यो शक्तिशाली रजपुतहरूको राजधानी रहेको थियो। त्यतिखेर अगुवा डुमराँवका महाराज थिए। भाजपुर परागनाको नाउँमा भोजपुरी भाषाको नाउँ रहन गएको हो। यो भोजपुरी सीमाको दक्षिण हिमालयको तल्लो पहाडसम्म र चम्पारण जिल्लादेखि बस्तीसम्म फैलिएको छ। साथै सोन, छोटानागपुर, राँचीको पठारसम्म फैलिएको छ। केही बङ्गाल जिल्ला सम्मको ठाउँलाई अगोटेको पाइन्छ (पृ.२८)।

वेदमा भोजपुरी भाषाबारे तथ्य भेटिन्छ। शाहाबाद जिल्लाको बक्सर(वेदगर्भ) क्षेत्र भोजपुरसँग सम्बन्धित रहेको देखिन्छ। यसको प्रमाण स्वरूप वाल्मीकि रामायणको एउटा घटनालाई मान्न सकिन्छ जहाँ 'विश्वमित्र राम र लक्ष्मणसँग अयोध्याबाट सिद्धाश्रम जानको लागि पूर्व दिशातिर हिडेका थिए '। त्यसलाई ऋगवेदमा भोजा, भोजास्येद, भोजस्य, भोजेषु, भोजायको बहुधा प्रयोग पाइन्छ। 'भोज' लाई अरू जनसमुदायमा प्रयोग नभएको तर आर्य समुदायमा संज्ञाको रूपमा प्रयोग गरेको पाइन्छ। त्यसैगरी सहयोगी तथा उदार हृदय प्रजापालक वीर भोजवंशी क्षत्रिहरूको बारेमा ऐतरिय ब्राहमण (५/१२, १४/७, ७/३२) के भनिएको छ भने 'यिनीहरू न कहिल्यै मर्छन्, न त कहिल्यै नीच मित-गति नै हुन्छन्।)

नेपालको वि.स. २००७ को सशस्त्र आन्दोलन आगाडि भोजपुरी भाषालाई ' देहाती ' भाषाको रूपामा चिनिने भाषालाई वि.स. २००९ सालमा तत्कालिन ठाकुर राम बहुमुखी क्याम्पसमा हिन्दी पढाउने विद्वान् रामदेव द्विवेदीले आयोजना गर्ने कवि सम्मेलनबाट यस

भाषालाई भोजपुरी भाषा भनी प्रयोग गर्न थालियो (ठाकुर, २०८०) । यसै हाराहारीमा बारा रौतहटमा किसान आन्दोलनको पनि सुरुवात भएको थियो । हरिहर यादव र नन्दन अर्यालजस्ता किसान नेताहरूले आन्दोलनमा भोजपुरी भाषामा कविता, गीत लेख्न र गाउन सुरू गरे भने भोजपुरीमा नाटक लेखन र मञ्चनको उदय भयो। उतिखेर नै हरिहर यादवले आफ्ना जनगीतहरूको सङ्कलन 'मेला के बहार' प्रकाशित गराए भने बाराका रामप्रसाद राय थारूले 'थरूहट के बउआ और बहुरिया' उपन्यास प्रकाशित गराए ।

भोजपुरी भाषा ऐतिहासिक खोज बारे चटर्जी (१९२६:१७) अनुसार "मध्य हिन्द-आर्य भाषाहरूलाई इसापूर्व ६००देखि २००सम्म पहिलो चरण, इसापूर्व २०० देखि सन २०० सम्म दोस्रो चरण र सन २००देखि ६०० सम्म तेस्रो चरण साथै सन १००० मा नव हिन्द-आर्य मागधीमा भोजपुरी वर्गीकरण गरेको पाइन्छ" । यसै विन्दुमा भोजपुरी भाषामा नव युग सुरूवातसँगै कीर्तिलता, कीर्तिपताका जस्ता ग्रन्थको विकास भएको पाइन्छ । ग्रियर्सनका (१९०३) अनुसार " भारोपेली भाषा परिवारको भारत - इरानी शाखाको हिन्द आर्य भाषा उपपरिवारको पूर्वी समूहमा पर्ने विहारी उपसमूहको भाषा हो" । यस भाषालाई हिन्दी, नेपाली, मैथली, बजिका भाषासँग नजिक राखेर हेर्न पनि सकिन्छ । अश्क (२०७९) का अनुसार भोजपुर भाषाका भाषिका पूर्वी भोजपुरी (सर्लाही, रोतहट र बाराको पूर्वी भाग), केन्द्रीय भोजपुरी (बारा, पर्सा) र पश्चिमी भोजपुरी (नवलपुर, नवलपरासी र रुपन्देही) रहेको साथै बारा र पर्सामा बोलिने भोजपुरी भाषा मानक भोजपुरी हो (पृ.३९) ।

भोजपुरी भाषाले आफ्ना विभिन्न कालखण्डमा विभिन्न आवरोह आरोह पार गर्दै विगतदेखिको समयमा खोज अनुसन्धान, भाषा व्याकरण र शब्दकोशको निर्माण भइरहेको पाइन्छ । यसभाषामा प्रकाशन हुने पत्रपत्रिकाहरू सयपत्रीको भोजपुरी कथा, भोजपुरी सम्मेलन पत्रिका, मधुपर्क, जनमत, नवप्रज्ञापन र महुवा हुन् । समयानुसार भोजपुरी भाषाका लागि कम्प्युटरमा यसका पाण्डुलिपिका लागिKaithi OTS Noto -sans -Kaithiफन्टमा भोजपुरी कैथी लिपि लेखिन्छ । कैथी र देवनागरी लिपिमा बढी पृथकता हुँदैनत्यसैले नेपाली र भोजपुरी भाषाका प्रयोग हुने करिब साठी प्रतिशत शब्दहरू मौलिक रूपमा प्रयोग गरिन्छ (अश्क, २०७९) ।

हरेक भाषाको आफ्नै संरचना हुन्छ । त्यस्तै भोजपुरी भाषाको पनि उच्चारण, शब्द, व्याकरण आदि व्यवस्था छ । अश्क र शर्मा(२०७७) का अनुसार "नेपालीमा प्रयोग जस्तै कथ्यमा स्वर छ ओटा (अ, आ, इ, उ, ए, ओ) र लेखनमा स्वर तेह्र ओटा (अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अ :) छन् । त्यस्तै व्यञ्जन वर्ण कथ्यको स्थानअन्तर्गत कण्ठ्यमा (क, ख, ग, घ, ङ), तालव्य (च, छ, ज, झ, ञ), दन्त्य (त, थ, द, ध, न,), ओष्ठ्य (प, फ, ब, भ, म) र मूर्धन्य (ट्, ठ्, ड्, ढ्, ण्,) पर्दछन् । तर लेखनमा ञ, ण, श, ष, र , क्ष, त्र, ज्ञ लाई पनि वर्णका रूपमा लिने गरिएको छ । वास्तवमा ण, श, ष भोजपुरीमा उच्चरित हुँदैनन् भने

क्ष (क्+ष्), त्र(त्+र्),ज्ञ(ज्+ञ्) संयुक्त व्यञ्जन हुन् । भोजपुरी वर्णमा संयोग, उच्चारण र अक्षर संरचनाका पनि मौलिक पक्षहरू छन् । शब्दको सुरु र अन्त्यमा य र व बाहेका अरू व्यञ्जनसँग संयुक्त व्यञ्जनको भोजपुरीमा उच्चारण गरिदैन । जस्तै - ' स्नान र स्टेसन ' लाई उच्चारण गर्दा भोजपुरीमा पनि नेपालीमा एकैनासले क्रमशः अस्नान र इस्टेसन उच्चारण गरिन्छ भने गन्ज् र सकेन्ड् लाई गन्ज र सेकेन्ड गरिन्छ । कतिपय ठाउँमा अजन्त लेखेर हलन्त उच्चारण गर्नु भोजपुरीको वैशिष्य हो । जस्तै कलम र गोलमालजस्ता नामिक शब्दको उच्चारण गर्दा कमल र गोलमाल हुन जान्छ । यसरी नै द्विस्वरका बिचमा र शब्दान्तमा घ, झ, ढ, ध, भ लेखिए पनि ग, ज, ड, द, ब उच्चारण हुने कुरा बाघ - बाग , पढ - पड, सुढ - सुड आदि उच्चारणले प्रस्ट्याउँछ"(पृ.३८) ।

भोजपुरी भाषाका उच्चारण र वर्णविन्यासगत मानक व्याकरण अगाडि सिर्जना भइसकेको छ । ठाकुरका(२०८०) अनुसार यस भाषामा ३६ व्यञ्जन वर्ण र ८ ओटा मौखिका स्वर वर्ण हुन्छन् :

तालिका १ :

भोजपुरी स्वरहरू

जिब्रोको भाग		**अग्र**	**मध्य**	**पश्च**
जिब्रोको उचाइ	संवृत	इ		ए
	अर्धसंवृत	ए		ओ
	अर्धविवृत	ऐ	ऋ	औ
	विवृत		ऋा	

(ठाकुर, २०७९,पृ.२८०)।

उच्चारणमा नेपाली भाषा जस्तै भोजपुरी भाषा पनि ध्वन्यात्मक भए पनि कथ्यमा भोजपुरी भाषामा बलाघात वार्णिक भेटिन्छ । जस्तै :

तालिका २

भोजपुरी शब्द	नेपाली शब्द	भोजपुरी शब्द	नेपाली शब्द
बतिआ	कोपिला	बति**आ**	कुरा(कुनै विषय वा प्रसङ्ग)
पिट	मार्ने काम	पि**टा**	पिटाइ खानेकाम
मोटा	मोटो	मो**टा**	मोटो पन
बहरा	बाहिर	बह**रा**	बाहिर पठाउने वा ल्याउने काम

(पृ२८२)

तालिका ३

भोजपुरी भाषाको रूपवर्णविज्ञान रूपध्वन्यात्मक परिवर्तन

रूपवर्णविज्ञान	भोजपुरी शब्द निर्माण	नेपाली शब्द
लोप	पटी + दार = पट्दार	आफन्त
	गोबर + धन = गोधन	पशुधन
	गो + बास = गोआस	घर
उत्थान	पात + झार = पत्झर	पातझर्नेसमय
सम्मिलन	उत् + हर = उत्थर	जवाफ
	बाप + बेटी = बाब्बेटी	बुबाछोरी
ऋपिनिहिति	उत्तर +आरी = उत्तवारी	उत्तर दिशातिर
संलयन	मध्य + देश = मधेश	मधेश
	सुन्नर +नैना = सुनैना	सुन्दर आँखा वा व्यक्तिका नाम

पृ२८४)।

भोजपुरी भाषाविदहरूका अनुसार नेपाली भाषाका भाषिकासँग भोजपुरी भाषाका भाषिका केहि हदसम्म मिल्नु यी दुबै भाषाको विशिष्ट पक्षको रूपमा मानिन्छ। गौतम र चौलागाई(२०७०)का अनुसार "भुगोल क्षेत्र व्यापक हुँदै जादाँ भूबनोटमा पाइने विभिधता सामाजिक संरचनासँगसँगै भाषामा पनि परिवर्तन हुन्छ"(पृ.१५-१६)। त्यसैगरि भोजपुरी भाषा र नेपाली भाषा एउटै भाषा परिवारको शाखाले गर्दा उच्चारणगत प्रभाव र उच्चारणको कारणले लेखाइमा प्रभाव हुनु समाजिक तथा भौगोलिक वितरणका कारण भाषामा असर पार्दछ। तदनुरूप भोजपुरी भाषी वक्ताले नेपाली भाषा सिक्दा हलन्त, अजन्त, वर्णविन्यास, हिज्जे लगायत र लेखन कार्यमा त्रुटि गर्दछ।

अध्ययन विधि र प्रक्रिया

चौंद्रोन(२००९) ले "दोस्रो भाषा शिक्षणमा शिक्षक र विद्यार्थी बीच बढीभन्दा बढी दोस्रो भाषामा छलफल र संवाद गर्न प्रेरित गरी विद्यार्थी केन्द्रित शिक्षण गर्न ध्यान दिनुर्पछ"(पृ.११९)। अर्थात् कक्षाकोठाको वातावरण नेपाली भाषा सिकाइप्रति चाख र चिन्तन दुवै हुनुपर्छ।पौडेल र पण्डित (२०६८)का अनुसार "यस्ता अनुसन्धान कार्यमा अनुसन्धान कर्ताले आफ्नो उद्देश्यपूर्ति गर्नका लागि आफ्नो नमुना आफैँले खोजेर निर्माण गर्दछन" (पृ.१३१)। तसर्थ : म प्रस्तुत लेखलाई आवधाराणत्मक ढाँचामा आधारित रहीवर्णनात्मक र विश्लेषणात्मक विधिकोगुणात्मक लेखमा तयार पारिएको छुसाथै भोजपुरी मातृभाषी विद्यार्थीहरूको भाषा नेपाली भाषा सिकाइमा प्रभाव पर्दछ भनी मेरो निर्देशित परिक्लपना(Directional hypothesies)रहेको छ। यस अध्ययनलाई परिघटनामूलक (Phenomenology)ढाचाँलाई अङ्गिकार गरिएको छ।"फेनोमेनोलोजी अध्ययनले कुनै खास विषय वा (Phenomenon) मा व्यक्तिले हासिल गरेका अनुभवका आधारमा कस्तो अर्थ

(Meaning) हुन्छ भन्ने कुराको खोजी गर्दछ"(खनाल, २०८०, पृ.८९)। परिघटनामूलक अनुसन्धानले मानिसका जीवन्त अनुभव, व्यवहारको वास्तविक परिवेशमा अध्ययन गर्दछ। उक्त अध्ययनको लागि आफू भोजपुरी मातृभाषी भएकाले यहाँ बोलिने नेपाली भाषामा भोजपुरी भाषी वक्ताहरूका असर देखे भोगेकोले उक्त अध्ययनको लागि नमुना रहेको साथै मैले बारा जिल्लाको १६ ओटा पालिका मध्ये जीतपुरसिमरा उपमहानगरपालिकाको तिनओटा सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाईसम्भावानायुक्त नमुना छनोट विधि अन्तर्गत साधारण अनियमित नुमना (Simple random sampling) को प्रयोग गरी १०/१० जना विद्यार्थी प्रत्येक विद्यालयबाट ५/५ जना छात्रा र छात्र गरी जम्मा ३० जनामा जनसङ्ख्या छनोटगरियो ।उनीहरूलाई कक्षा चारको विषय सूचिको साथै थप शब्दहरूअघोष, क्ष छे, ण र न, ऋकार र रकार ,अल्पप्राण-महाप्राण, सघोष-लोप, ध्वनि विपर्याय जस्ता क्षेत्रका दशदश ओटा शब्दहरु सेतोपाटीमा लेखी उच्चारण गर्न लगाइयो ।हरेकलाई वर्णविन्यास,उच्चारण र प्रयोग जीवनका शब्दमा नेपाली भाषा सिकाइमा भोजपुरी भाषाको प्रभाव कति छ? भनीविद्यार्थीहरूले गरेको उच्चारणलाई मोबाइलमा रेकर्ड गरियो। उच्चारण पश्चात् तिनै शब्दहरूलाई श्रुतिलेखन गराई सङ्कलन गरियो। रेकर्डेड(मोबाइल) र श्रुतिलेखन सामग्रीलाई पुनःकापीमा लिप्यान्तरण गरियो। लिप्यान्तरण गरिएको सामग्रीलाई उच्चारणगत प्रभाव र त्यसले वर्णविन्यास (लेखाइ) मा पारेको प्रभावलाई भोजपुरी भाषाका विशेषताका आधारमा वर्णनात्मक तथा विशेषणात्मक पद्धति अपनाइ विश्लेषण गरिएको छ।

परिणाम तथा छलफल

भोजपुरी भाषा नेपालमा बोलिने भाषामध्ये तेस्रो मातृभाषी वक्ता सङ्ख्या भएको भाषा हो। भोजपुरी मातृभाषीलाई दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्दा यसको प्रभाव रहन्छ। सो सन्दर्भमा बारा जिल्ला जीतपुर सिमरा उपमनपाको तीनओटा विद्यालयमा भोजपुरी मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा भोजपुरीको प्रभावकलाई विश्लेषण गरिएको छ। यसरी भोजपुरी भाषाको प्रभावको उच्चारण,वर्णविन्यास र अध्ययेता अनुभावका आधारमा केलाउन सकिन्छ :

नेपाली भाषाकाशब्द उच्चारणमा भोजपुरी भाषाको प्रभाव

उच्चारण भाषाको बोलाइसँग सम्बन्धित पक्ष हो। यो बोलाइको पहिलो तथा महत्त्वपूर्ण पक्ष हो। बोलाइमा असुद्धि भयो भने उच्चारणमा अस्पष्ट हुने, अर्थको गलत भई अर्को लाग्ने, शोभनीय नहुने जस्ता सम्भाव्य रहन्छन् ।उच्चारणमा शुद्धता र स्पष्टता ल्याउन बोलाइलाई स्पष्ट, अर्थपूर्ण र प्रभावकारी बनाउनु आवश्यक हुन्छ। दोस्रो भाषी विद्यार्थीले भाषा सिक्ने भाषिक विविधताका कारणले उच्चारणमा प्रभाव पार्दछ। अधिकारी(२०७६)का अनुसार भाषामा कथ्य वा मौखिक भाषामा स्थानीयता अथवा मातृभूमिको धेरै प्रभाव रहन्छ। भाषा प्रयोग गर्ने वक्ता जुन सामाजिक भौगोलिक वातावरणको हो। सोही अनुसारको भाषिक रङ्गबाट उसको मौखिक भाषा केही न केही रुपमा देखा हुन्छ" (पृ.६६)। पृथक भाषिक

पृष्ठभूमि तथा वातावरणले विद्यार्थीहरूको उच्चारणमा प्रभाव पर्दछ । भोजपुरी भाषी विद्यार्थीहरूले नेपाली सिकाइको प्रभावलाई कक्षा चारको नेपाली पाठ्यपुस्तकको विषयतालिकाका शीर्षकहरूलाई उच्चारण गराईत्यसको प्रभावलाई यहाँ देख्न सकिन्छ :

तालिका ४

विषय तालिका	**उच्चारण**
सबै मेरा गुरू	सबै मेरा गुरू
मलाई पुस्तक मन पर्छ	मलाई पुस्तक मन पर्छ
खेलकुदको महत्त्व	खेलकुदको महत्व (त्व)
झुटको परिणाम	झुट्को परिनाम (ट म) अजन्त / हलन्त
कुरिलो खेर्त	कुरिलो खेति
सानी नदी	सानी नदी
निसाफ	निसाफ (अ)
जुनतारा छुन	जुनतारा छुन् (हलन्त उच्चारण)
सुनको मूर्ति	सुनको मुरती
साथीलाई चिठी	साथीलाई चिठी
समाजसेवी महावीर पुन	समाजसेवी महावीर पुन
नारायणहिटी दरबार सङ्ग्राहलय	नारायणहिटि दरबार सङ्ग्राहलय
घले गाउँ	घले गाव

विषय तालिका उच्चारण गर्न लगाउँदा महत्त्वलाई महत्व,महत्वा,महत्त, झुट शब्दमा ट् अर्थात् झुट् हलन्त, परिणाम शब्दमा म अर्थात परिणम अजन्त, निसाफ शब्दमा फ अजन्त अर्थात् निसाफ ,घमन्डको घमनड, छुन शब्दमा न् हलन्त उच्चारण्मा बलाघात रहेको देखिन्छ । भोजपुरी भाषामा'झुट्' शब्दलाई नेपाली भाषामा ' झुट ' उच्चारण गरिने शब्दलाई ' झुट् ' उच्चारण गरेको पाइयो । नारायणहिटी दरबार सङ्ग्राहलय उच्चारणमा 'ण'लाई 'न' भनी'ण' नै भनेको पाइयो ।मूर्तिलाई 'मुरती'र गाउँलाई 'गाव' उच्चारण गरे । ज्ञवालीलाई 'गवाली' उच्चारण गरे । केहि थप शब्दहरू उच्चारण गर्न लगाउँदा बहाडनुको - बहारनु, अध्यक्षको - अदक्ष , सूर्य - सूर्ज ,परिदृष्य - परिदृस् , परिवर्तन - परिबरतन् , आली - आरी , गल्ती - गलती गरेको पाइयो ।विद्यार्थीको उच्चारण लाई हेर्दा शब्दान्तमा आउने 'अ' वर्ण उच्चारणमा हलन्त र अजन्त र हलन्तको ठाउँमा अजन्तको जटिलता उत्पन्न भई उच्चारण बलाघात रहेको देखिन्छसाथै भोजपुरी कथ्य रुप नेपाली भाषाको उच्चरणमा मातृभाषाको प्रभाव परेको देखिन्छ ।

साथै थप शब्दहरूमा भोजपुरी भातृभाषी विद्यार्थीहरूको शब्दगत उच्चारणलाई हेर्दा केहि व्यञ्जण वर्णहरूलाई अजन्तको(क, ख, ग, ……ज्ञ) ठाउँमा हलन्त (क्, ख्, ग्,…………ज्ञ्)वर्णका रुपमा उच्चारण गरेको पाइयो ।जस्तै 'पढ', लाई पढ् ,'सुत' सुत् ,'उठ'

लाई 'उठ्' उच्चारण गरे । त्यस्तै 'साझा' लाई 'साजा', 'बाघ' लाई 'बाग', 'बाढी' लाई 'बाडि', 'पढ्नु' लाई 'पड्नु', 'आधा' लाई 'आदा', 'बाधा' लाई 'बादा', 'झुकाव' लाई 'झुकाब्', 'टाढा' लाई 'टाडा' उच्चारण गरेको पाइयो । भोजपुरी मातृभाषी विद्यार्थीहरूले उपयुक्त महाप्राण वर्ण प्रयोग भएका शब्दलाई अल्पप्राण वर्णका रुपमा उच्चारण गरेकाले विद्यार्थीहरूको उच्चारणमा भोजपुरी भाषाको प्रभाव परेको देखिन्छ । विद्यार्थीहरूलाई सघोष वर्ण प्रयोग भएका शब्दलाई उच्चारण गराउँदा उनीहरूले सघोष वर्णलाई अघोष वर्णका रुपमा उच्चारण गरेको पाइयो । उनीहरुले 'लोग्ने' लाई 'लोक्ने', 'सबै' लाई 'सबइ', 'किताब' लाई 'किताप्', 'खुबै' लाई 'खुबइ, 'बेवकुफ' लाई 'बेकुप्', 'ठग्नु लाई 'ठक्नु', 'ढाग्नु' लाई 'ढाक्नु', उच्चारण गरे । सघोष वर्णलाई अघोष उच्चारण गरिनु तथा सघोष वर्णहरू अघोष वर्णमा परिवर्तन हुनु भोजपुरी भाषाको वैशिष्ष्य हो । यस्तो विशिष्टता विद्यार्थीको उच्चारणमा देखा परेकाले विद्यार्थीको भाषिक उच्चारणमा भोजपुरी भाषाको प्रभाव देखिन्छ । अझ विद्यार्थीको स्वतन्त्र उच्चारणमा यसको प्रभाव बढी देखिन्छ । विद्यार्थीलाई 'ह' वर्ण प्रयोग भएका शब्दहरु उच्चारण गराउँदा 'ह' वर्णको पूर्ण उच्चारण नगरी यसको लोप गरेर उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'साहु' लाई 'साउ', 'सचिव' लाई 'सचिप्', 'सही' लाई 'सइ', 'केही' लाई 'केइ', 'कोही' लाई 'कोइ', 'त्यही' लाई 'तेइ', 'दही' लाई 'दइ', 'मोही' लाई 'मोइ', 'कारबाही' लाई 'कारवाइ', 'सहयोगी' लाई 'सयोगि', 'गोही' लाई 'गोइ', 'सहायता' लाई 'सायता','बहिष्कार' लाई 'बइस्कार', उच्चारण गरेको पाइयो । त्यस्तै 'त' लाई 'थ' उच्चारण गरेको पाइयो । जस्तै :- 'हाती' को 'हाथी' । विद्यार्थीको उच्चारण लाई हेर्दा शब्दमध्य र शब्दान्तमा आउने 'ह' वर्ण उच्चारणमा जटिलता उत्पन्न भई उच्चारण लोप भएको देखिन्छ । शब्दान्तमा 'ई'कार र 'उ'कारसँग आउने 'ह' वर्ण लोप भएर 'इ' र 'उ' मात्र उच्चारण गरेको देखिन्छ । शब्दमध्य र शब्दान्तमा 'ह' वर्ण लोप हुने विशिष्टता भोजपुरी भाषामा पाइन्छ । शब्द उच्चारणको क्रममा विद्यार्थीहरूले 'ह' वर्णको लोप गरेर उच्चारण गरेको हुँदा विद्यार्थीहरूमा मातृभाषाको प्रभाव परेको देखिन्छ ।

विद्यार्थीहरूलाई ऋकार र रकार वर्ण प्रयोग भएका शब्दहरू उच्चारण गर्न लगाउँदा ऋकार र रकारलाई रेफमा उच्चारण गरेको पाइयो । 'कृपा' लाई 'किपा', 'वृक्ष' लाई 'बिरिछ', 'प्रास्त' लाई 'परास्त', 'प्रसाद' लाई 'पर्साद्', 'प्रकार' लाई 'पर्कार्', 'ग्रह' लाई 'गरह', 'पर्‍यो' लाई 'पर्यो', 'गऱ्यो' लाई 'गर्यो', 'प्रमुख' लाई 'पर्मुख्', 'प्रशस्त' लाई 'पर्सस्त', 'प्रस्तुति' लाई 'परस्तुति', 'प्रवेश' लाई 'पर्वेस्', 'प्रदेश' लाई 'पर्देस्', 'प्रस्थान' लाई 'परस्थान्', जस्ता उच्चारणमा रेफको प्रयोग गरेको पाइयो । यसका साथसाथै 'ण' वर्ण प्रयोग भएका शब्दहरू उच्चारण गर्न लगाउने विद्यार्थीहरूले 'ण' वर्णको ठाउँमा 'न' वर्णको उच्चारण गरेको पाइयो । विद्यार्थीहरूले 'गणेश' लाई 'गनेस्', 'निर्माण' लाई 'निर्मान्', 'प्राण' लाई 'परान्', 'प्रणाम' लाई 'पर्नाम्' उच्चारण गरेको पाइयो । ऋकार र रेकार रेफमा बदलिएर उच्चारण हुनु तथा 'ण' वर्ण 'न' वर्णका रुपमा उच्चारण हुनु भोजपुरी भाषाका उच्चारणगत विशिष्टता हो । यो विशिष्टता विद्यार्थीहरूको उच्चारणमा देखिनु भोजपुरी भाषाको प्रभाव हो भन्न सकिन्छ ।

विद्याार्थीको उच्चारणमा केही ध्वनि विपर्यासका विशेषताहरू पनि देखिन्छन् । विद्यार्थीहरूले उच्चारण गर्दा 'बाख्रो' लाई बार्खो' 'खस्रो' लाई 'खर्सो', 'तेस्रो' लाई 'तेर्सो', 'पातलो' लाई 'पाल्तो', 'बाख्लो' लाई 'बाल्खो', 'कसले' लाई 'कल्ले', 'तित्रो' लाई 'तिर्थो' का रुपमा उच्चारण गरेको पाइन्छ । यसै गरी शब्दमा प्रयोग भएको व्यञ्जन वर्ण 'य' लाई स्वर वर्ण 'ए' का रूपमा उच्चारण गरेको पाइयो । 'भए' लाई 'भय', 'जय' लाई 'जए', 'महोदय' लाई 'मोदए', 'कतिपय' लाई 'कतिपए', 'विजय' लाई 'विजए', 'पूजनीय' लाई 'पूजनिए', 'आदरणीय' लाई 'आदर्निय', 'समय' लाई 'समए' का रूपमा उच्चारण गरेको पाइयो । उच्चारणका क्रममा ध्वनि विपर्यास हुनु र 'य' अर्धस्वरलाई 'ए' स्वरका रुपमा उच्चारण गरिनु भोजपुरी भाषाको विशेषताभित्र पर्दछ। यी र यस्तै किसिमका विशेषताहरू विद्यार्थीको उच्चारणमा देखिनु भाषागत प्रभाव देखिन्छ ।

नेपालीवर्णविन्यास (लेखाइ) मा भोजपुरी भाषाको प्रभाव

भाषामा प्रयुक्त वर्णहरूलाई मिलाएर लेख्ने कार्यलाई वर्णविन्यास भन्ने गरिन्छ । वर्णविन्यास भाषाको लेखाइ सिपसँग सम्बन्धित पक्ष हो। वर्णहरुको उचित रखाइक्रम मिलाउने काम वर्णविन्यास हो । "वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित प्रक्रिया हो र लेख्य भाषामा प्रयोग हुने शुद्ध स्पष्ट र स्तरयुक्त लिपी स्वरुप हो" (शर्मा र पौडेल, २०६८ पृ.३९७) । वर्णविन्यासले लिप्यात्मक भाषालाई शुद्ध, सुस्पष्ट र स्तरीयता कायम गर्दछ । वर्णविन्यास लेख्य भाषासँग सम्बन्धित भए तापनि विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, उच्चारण अवयव, संवेग वातावरण आदि जस्ता विविध पक्षले वर्णविन्यासमा पनि प्रभाव पार्दछ । यहाँ भोजपुरी मातृभाषी विद्यार्थीहरूलेउच्चारणको क्रममा अभ्यास गरेका शब्दलाई मौखिक रूपमा उच्चारण गरी (शिक्षक) लेख्न लगाइयो र उनीहरूको उच्चारणले लेखाई (वर्ण विन्यास) मा के-कति प्रभाव पार्‍यो भनी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

नमुनाको रुपमा छनोट भएका विद्यार्थीहरूलाई उच्चारण गराइएका सबै शब्दलाईश्रुतिलेखन गर्न लगाउँदाविद्यार्थीहरूले सबैको सबइ,महत्त्वको महत्व, महत्वा, निसाफको निसाब,महावीर महाबीर,घमन्डको घमनड,चिठीको चिटी, महत्वा,मुर्तिको मुरती लेखेका पाइयो ।त्यस्तै 'गाई र अन्यतस्विर' सेतो पाटी टाँसी निबन्ध र व्याख्या लेख्न लगाउँदाआँखालाई आँख, घाँसलाई घास, बारी को बाटि, दिन्छलाई देन्छ, खान्छको खाहेछ, खाउछ, चार ओटा को चार गो, सिङ्गको सिनग,सिंघ,सिङ, पुच्छरको पोछरी,पुछर, हेर्छको ताक्छ, मुखको मुह, आगाडीको आगारी लेखेको पाइयो भने अन्य तस्वीरहरू आलीलाई आरी, खोलालाई नदी, कुलोलाई पोइन,भैंसीलाई भइस् , नालालाई मोरी आदी नामबाट स्थानीय भाषामा उच्चारण गरे । आँख, घास,सिंघ, चार गो, पोछरी, ताक्छ, मुह,आगारी भोजपुरीमा प्रयोग हुने शब्दहरू हुन् । त्यस्तै बारीको रि टि,दिन्छको देन्, पुच्छर को पोच्छ, खान्छको हे, उ आदि शब्दमा समन्यता अभ्यासको कमी भएतापनि भोजपुरी भाषाको जीवन प्रयोग शब्दका प्रभाव नेपाली भाषा प्रयोगमा असर परेको देखिन्छ ।

त्यस्तै थप शब्दहरू महाप्राण ध्वनि प्रयोग भएका 'साझा', 'बाघ', 'बाढी', 'पढ्नु', 'आधा', 'बाधा', 'प्रभाव', 'टाढा', जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले 'साजा', 'बाग', 'बाडी', 'पड्नु', 'आदा', 'बादा', 'टाडा', लेखेको पाइयो । विद्यार्थीहरूले जसरी भोजप'री भाषाको प्रभावका कारणले महाप्राण वर्णलाई अल्पप्राणका रुपमा उच्चारण गरेका थिए । त्यसै गरी त्यो उच्चारणगत प्रभाव लेखाइमा पनि पर्न गएको देखियो । त्यसैगरी ऋकार रकार प्रयोग भएका 'कृपाया', 'कृष्ण', 'प्रकार', 'प्रयोग', 'ग्रह', 'पऱ्यो', 'गऱ्यो', 'मऱ्यो', 'प्रदेश', 'प्रशस्त', 'प्रवेश' शब्दको श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले 'किर्पाया', 'किरिस्न', 'पर्कार', 'पर्योग', 'गरह', 'पयो', 'गर्यो', 'मर्यो', 'परदेश', 'परशस्त', 'पर्वेश' शब्दहरू लेखेको पाइयो । ऋकार र रकारलाई रेफ प्रयोग अधिकांश विद्यार्थीको लेखनमा भटियो । विद्यार्थीको लेखनमा भेटिएको ऋकार र रकारका ठाउँमा रेफको प्रयोगलभोजपुरी भाषाको उच्चारणगत प्रभाव वर्ण विन्यासमा पनि देखिन्छ । वर्ण प्रयोग भएका 'प्रमाण', 'प्रणाम', 'प्राण', 'गणेश', 'निर्माण', 'कल्याण', शब्दको श्रुतिलेखन गराउँदा विद्यार्थीहरूले 'पर्मान', 'पर्नाम', 'परान', 'गनेश', 'निर्मान', 'कल्यान' लेखेको पाइयो भने अर्धस्वर 'य' पयोग भएका 'भय', 'जय', 'कतिपय', 'पूजनीय', 'महोदय', 'आदरणीय', 'समय' शब्दको श्रुतिलेखन गराउँदा 'भए', 'कतिपए', 'महोदए' शब्द लेखेको पाइयो भने 'आदरणीय', 'पूजनीय', 'समय' जस्ता बढी भन्दा बढी अभ्यस्त भएका शब्दहरूमा भने उच्चाराणको प्रभाव परेको देखिएन । पञ्चम वर्ण 'ग' प्रयोग भएका र तालव्य 'य' प्रयोग भउका शब्दहरूको श्रुतिलेदन गराउँन लेखनमा कम अभ्यस्त भएका शब्दहरूमा उच्चारणको प्रभाव परेको पाइयो । यस्तो उच्चारणको प्रभाव लेखनका क्रममा देखिनुलाई पनि भाषिक पृष्ठभूमिको प्रभाव मान्न सकिन्छ ।

विद्यार्थीलाई सघोष वर्ण प्रयोग भएका 'लोग्ने', 'सबै', 'किताब', 'खुबै', 'ठग्नु', 'ढाग्नु', 'बेकुफ' जस्ता शब्दहरू श्रुतिलेखन गराउँदा 'लोक्ने', 'किताप', 'ठक्नु', 'ढाक्नु', 'बेकुप' शब्दहरू लेखेको पाइयो भने 'सबै' र 'खुबै' शब्दको श्रुतिलेखन शुद्ध पाइयो । यसमा पनि उच्चारण र प्रयोग अभ्यस्तताको प्रभाव देखिन्छ । शब्दमध्य शब्दान्तमा 'ह' वर्ण प्रयोग भएका 'महाराज', 'सहमति', 'साहु', 'सही', 'कहीं', 'कोही', 'केही', 'कारवाही', 'सहयोगी', 'सहायता', 'साहित्य', 'बहिष्कार', 'दही', 'मोही', 'गोही', शब्दको श्रुतिलेखन गराउँदा 'साउ', 'कोइ', 'दई', 'मई', 'सायता', 'कारबाई', 'गोई', जस्ता शब्दहरू लेखेको पाइयो । 'सहमति', 'सही', 'केही', 'साहित्य', 'बहिष्कार' शब्दहरूको श्रुतिलेखन शुद्ध गरेको पाइयो । यसमा प्रयोग अभ्यस्तता भएका शब्दहरूको श्रुतिलेखनमा कम त्रुटि गर्नु र कम लेखन व्यवहारमा कम प्रयोग हुने शब्दमा उच्चारण प्रभाव देखिनु सुस्पष्ट भाषाको प्रभाव देखिन्छ ।

विद्यार्थीहरूले ध्वनि विपर्यास उच्चारण गरेका शब्दहरू 'बाख्रो', 'तेस्रो', 'दोस्रो', 'तित्रो', 'पात्लो', 'बाख्लो', 'भोजपुरी', 'कसले' जस्ता शब्दको श्रुतिलेखन गराउँदा 'बार्को', 'तेर्सो', 'तिर्तो', 'पाल्तो', 'बाल्खो', 'भोजपुरी' शब्दहरू लेखेको पाइयो भने कसले दोस्रो शब्दको शुद्ध लेखन पाइयो । ध्वनि विपर्यासका रुपमा उच्चारण गरिएका शब्दहरूमा प्रयोग अभ्यस्तता र उच्चारणगत प्रभाव देखियो । यस्तो प्रभाव पनि प्रकरान्तर रुपमा भाषिक पृष्ठभूमिकै प्रभाव

मानिन्छ। यसको प्रयोग लेखन भन्दा कथ्य भाषामा बढी प्रयोग व्यवहार गरेको पाइयो । यसका साथै 'स' लाई उच्चारण गर्दा 'स्हः' 'ह' को प्रयोग पनि लेखनका क्रममा देखिएन । विद्यार्थीहरूले 'सय', 'सकियो', 'सक्यो', 'सऱ्यो' साथै पढ, सुत, उठ जस्ता शब्दहरूको श्रुतिलेखन गराउँदा शुद्ध लेखन गरेको पाइयो ।

यसरी विद्यार्थीलाई उच्चारण अभ्यास गराइएका शब्दहरूको श्रुतिलेखन गराउँदा उच्चारणको थोरबहुत प्रभाव भने वर्णविन्यासमा परेको देखियो प्रयोग व्यवहारमा अभ्यस्तता भएका शब्दहरूको लेखनमा उच्चारणको कम प्रभाव देखियो भने लेखन अभ्यासमा कम प्रयोग हुने शब्दहरूको श्रुतिलेखनमा उच्चारणको प्रभाव बढी देखियो । कथ्यरूप नै भाषाको जीवन्त पक्ष भएकाले कथ्य रूप (उच्चारण) को वर्णविन्यास (लेखन) मा प्रभाव देखिनु भाषिक पृष्ठभूमिको प्रभाव कायम रहनु हो ।

निष्कर्ष

भोजपुरी भारोपेली भाषा परिवारको भारत-इरानी शाखाअर्न्तगतको हिन्द आर्य भाषा उपपरिवारको पूर्वी समूहमा पर्ने विहारी उपसमूहको पश्चिमी भाषा हो। कालखण्डअनुसार भोजको नामबाट भोजपुर र भोजपुरबाट भोजपुरी, देहाती पुनः भोजपुरीको मन्याता पाएको देखिन्छ। भोजपुरी भाषामा औपचारिक रूपमा शिक्षादिक्षा नीति वा बोल्ने वक्ता नरुचाए पनि नेपालको प्रत्येक जनगणनामा तेस्रो स्थानमा रहदैआएकोछ।यस भाषाका मातृभाषीहरू सबै प्रदेशमा भए पनि बारा,पर्सा,सर्लाही, रौतहट,चितवन,नवलपरासी (सुस्ता पूर्व र सुस्ता पश्चिम) र रूपन्देही जिल्लामा बढी जनघनत्व रहेको छ। भारोपेली भाषा परिवारका भोजपुरी भाषाका विद्यार्थीहरूले नेपाली भाषालाई दोस्रो भाषाको रूपमा सिक्दछन् ।विद्यार्थीहरू नेपाली भाषा सिक्ने क्रममा भोजपुरी भाषाको विशेष गरी उच्चारण र वर्णविन्यास (लेखाइ) ध्वानात्मक रूपमा एकै भए पनि तल्लो तहका विद्यार्थीहरूमा बढी प्रभाव परेको पाइन्छ ।शब्दान्तमा आउने 'अ' वर्ण उच्चारणमा हलन्त र अजन्त जटिलता उत्पन्न भई उच्चारण बलाघात प्रयाप्त अभ्यासको कमी भएको केही शब्दहरू झुट्, ण, गाव उच्चारण गर्नु साथै वर्णविन्यासमा आँख,घास, सिंघ,चार गो, पोछरी, ताक्छ, मुह,आगारी भोजपुरीमा प्रयोग हुने शब्दहरू भएको नेपाली भाषा सिकाइमा प्रभाव परेको देखिन्छसाथै विद्यार्थीहरू नेपाली भाषा सिक्ने क्रममा भोजपुरी भाषाको विशेष गरी उच्चारण र वर्णविन्यास (लेखाइ) बढी प्रभाव परेको पाइन्छ। विद्यार्थीहरुले उच्चारण गर्दा महाप्राण ध्वनिलाई अल्पप्राण, सघोष ध्वनिलाई अघोष, शब्दमध्य र शब्दान्तमा 'ह' को लोप पञ्चम वर्णलाई 'न' रूपमा उच्चारण ध्वनि विपर्यासगत उच्चारण ऋकार र रकारको रेफगत उच्चारण, अर्धस्वर 'द' को ए उच्चारण गरेको देखिन्छ। यस्तो उच्चारणगत विशेषता भोजपुरी भाषाका विशेषता भएकाले विद्यार्थीहरूको उच्चारणमा भोजपुरी भाषाको प्रभाव देखिन्छ भने यो प्रभाव वर्णविन्यास (लेखाइ) मा पनि विद्यमान छ। भोजपुरीमातृभाषी विद्यार्थीहरू उच्चारण र वर्णविन्यास (लेखाइ) क्षेत्रमा यस्ता पक्षहरू देखिनु भाषिक पृष्ठभूमिको प्रभाव तथा भाषागत विशिष्टता पनि

हो ।अत : नेपाली भाषाका उच्चारणगत शब्दहरू भोजपुरी भाषाका शब्दहरूसँग केही हदसम्म मेल खाने देखिन्छ ।

सन्दर्भसूचि

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* (छैटौ संस्करण), रत्न पुस्तक भण्डार ।

अश्क,गोपल(२०७९), *नेपालीय भोजपुरी साहित्यको इतिहास,*नेपाल प्रज्ञा - प्रतिष्ठान ।

अश्क, गोपाल र शर्मा,डा.विश्वम्बरकुमार (२०७७), *भाषा र भोजपुरी भाषा,* ऐरावती प्रकाशन प्रा.लि. ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

गौतम देवीप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* पाठ्यसामग्री प्रकाशन ।

ग्रियर्सन, अब्राह्म (१९०२) *लिङ्ग्विस्तिक सर्वे अफ इण्डिया, भाग-५,*गर्वमेन्ट प्रेस इन्डिया ।

भाषा आयोग (२०८०असाढ सम्म),*भाषा आयोगको वार्षिका प्रतिवेदन(सातौँ)*

तिवारी, शकुन्तला (२००९), *भोजपुरीकी रूपग्रामिक संरचना,* कानपुर विकास प्रकाशन ।

नेपाल सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (२०७२). *नेपालको संविधान.,* कानुन किताब व्यवस्था समिति ।

बन्धु, चुडामणि (२०७३), *भाषाविज्ञान,* (नवौंसंस्करण), साझा प्रकाशनकोछापाखाना ।

ठाकुर, गोपाल (२०७९),*मातृभाषाको रूपरेखा(भाग३),* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,*विद्यार्थी पुस्तक भण्डार ।

शर्मा केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८) *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,*विद्यार्थी पुस्तक भण्डार ।

Caste/Ethnicity Report (2078), *Population by second tongue language and sex*:https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity

Chaudron, C. (2009), *Second language classrooms.* New Delhi: Cambridge University Press.

Chomsky, N. (1965), Formal discussion: the development of grammar in child language,Ú in Bellugi, N. and Brown, R. -eds_, *The aquisition of language.* -Lafayette, Ind : Purdue University press_.